**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २६**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार २२ गते आइतबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको छब्बीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०० बजे** प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा माननीय अनिता देवकोटा उठ्नुभएपछि सम्माननीय अध्यक्षले उहाँलाई बोल्न समय दिनुभयो ।

माननीय अनिता देवकोटाले भारत लगायत तेस्रो मुलुकबाट आउने तरकारी-फलफूलहरूलाई विषादि परीक्षण गरेर मात्र भित्र्याउने सरकारको निर्णय रहेकोमा प्राविधिक बहाना बनाई सरकारले उक्त निर्णय फिर्ता लिएकोमा आपत्ति प्रकट गर्नुभयो । त्यसैगरी उहाँले सर्लाहीको पाटेखोलामा भएको घटनाबाट सिर्जित स्थानीयवासीहरूको प्रदर्शनमाथि सरकारले संयमता नअपनाई गोली प्रहार गर्दा केवल महतोको मृत्यु भएको घटनाको सम्बन्धमा गृहमन्त्रीले सत्यतथ्य जानकारी सदनलाई गराउनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कार्यसूचीमा हेरफेर गरेको जानकारी गराउनुहुँदै माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री चक्रपाणी खनाललाई कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री चक्रपाणी खनालले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. वृषेशचन्द्र लाल २. मा. अनिता देवकोटा ३. मा. हरिचरण शिवाकोटी

४. मा. कोमल वली ५. मा. बलराम प्रसाद बाँस्कोटा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री चक्रपाणी खनाललाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले दिनु भएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. रमेश जंग रायमाझी २. मा. खिम कुमार विश्वकर्मा ३. मा. राम लखन चमार

४. मा. बद्री प्रसाद पाण्डे ५. मा. विन्दादेवी आले (राना)

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. बद्री प्रसाद पाण्डे  २. मा. रामनारायण बिडारी  ३. मा. अनिता देवकोटा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. मुक्ता कुमारी यादव  २. मा. राम लखन चमार  ३. मा. प्रकाश पन्थ  ४. मा. बद्री प्रसाद पाण्डे

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. प्रमिला कुमारी  २. मा. मुक्ता कुमारी यादव  ३. मा. रामनारायण बिडारी

४. मा. राजकुमार कुँवर ५. मा. अनिता देवकोटा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय महिला, बालबालिक तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले दिनुभएको जवाफका सम्बन्धमा उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. रमेश प्रसाद यादव | २. मा. रमेश जंग रायमाझी | ३. मा. खेमराज नेपाली |
| ४. मा. प्रकाश पन्थ | ५. मा. मुक्ता कुमारी यादव | ६. मा. डा. विमला राई पौड्याल |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले निर्धारित कार्यसूचीमा रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीले जवाफ दिने कार्यक्रम कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत आगामी बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकमाथि माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा सम्बन्धित माननीय मन्त्रीबाट जवाफ दिने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार २३ गते सोमबार विहान ११:०० बजे** बस्ने गरी दिनको **२:३५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव